# टोल विकास संस्था वडा समन्वय समिति संचालन निर्देशिका, २०६७

**प्रस्तावना,**

नगरको समग्र विकासमा सहयोग गर्नका लागि वडा भन्दा तल्लो तहमा नगरपालिकाको सहयोगी संस्थाकोरुपमा मान्यता प्रदान गरी सुशासन, संस्थागत विकास, सूचना प्रविधिको उपयोग, उद्यम विकासका लागि गाउँ र नगरको अन्तर सम्बन्धलाई दरिलो पार्दै भौतिक, सामाजिक, आर्थिक तथा मानव संसाधनको विकास गरी गरिवि न्युनिकरण गर्नका लागि स्थापना र सञ्चालन भएका टोल विकास संस्थाहरुको छाता संगठनको रुपमा वडास्तरमा समन्वय समिति निर्माण गरी कार्य सञ्चालन गर्न वान्छनीय देखिएको छ । वडास्तरिय टोल विकस सँस्थाहरुलाई सम्बन्धित वडाको मातहतमा रहने गरि स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २७६ ले दिएको अधिकार प्रयोग गरि समग्र नगरको हितमा कृयाशिल गराउने उद्देश्यका साथ यो निर्देशिका जारी गरिएको छ ।

## परिच्छेद १

**१. प्रारम्भिक**

**संक्षिप्त नाम र प्रारम्भ :**

(क) यो निर्देशिकाको नाम“ टोल विकास संस्था वडा समन्वय समिति संचालन निर्देशिका २०६७” रहने छ ।

(ख) यो निर्देशिका पोखरा उपमहनगरपालिकाको चौधौं नगर परिषदबाट निर्णय भएको मिति २०६७ श्रावण १ गते देखि लागू हुनेछ ।

**२. परिभाषा :**

**विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा**

(क) “ऐन” भन्नाले स्थानीय स्वायत्त शासन ऐन, २०५५ सम्झनु पर्छ ।

(ख) “नियमावली” भन्नाले स्थानीय स्वायत्त शासन नियमावली, २०५६ सम्झनु पर्छ ।

(ग) “नगरपरिषद” भन्नाले स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा ७६ वमोजिमको नगरपरिषदलाई सम्झनु पर्छ ।

(घ) “नगरपालिका” भन्नाले पोखरा उपमहानगरपालिका सम्झनु पर्छ ।

(ङ) “नगरप्रमुख ” भन्नाले ऐनको दफा ८० वमोजिमको नगरपालिकाको नगर प्रमुख पदमा निर्वाचित वा नगर प्रमुखको काम गर्न तोकिएको वहालवाला नगर प्रमुख सम्झनु पर्छ ।

(च) “कार्यकारी अधिकृत” भन्नाले ऐनको दफा २५३ वमोजिम नगरपालिकको सचिव भई काम गर्न नियुक्त कर्मचारी सम्झनु पर्छ ।

(छ) “ग्रामीण वजार केन्द्र ” भन्नाले गाउँ विकास समितिको निर्धारित वजार क्षेत्रभित्र गाउं नगर साझेदारी विकास कार्यक्रम संचालनको लागि निर्धारण गरिएको क्षेत्र सम्झनु पर्छ ।

(ज) “समन्वय समिति” भन्नाले टोल विकास संस्था वडा समन्वय समिति सम्झनु पर्छ ।

(झ) “वडा समन्वय समिति” भन्नाले नगरपालिकाको वडा तथा ग्रामिण बजार केन्द्र स्तरमा गठन भएको टोल विकास संस्थाहरुको समन्वय समिति सम्झनु पर्छ ।

(ञ) “टोल विकास संस्था” भन्नाले शहरी समाज परिचालन प्रकृयामार्फत टोलको संस्थागत, सामाजिक तथा आर्थिक विकास गर्न नगरपालिकामा वडाको निश्चित भौगोलिक क्षेत्रभित्र र गाउँ विकास समितिको निर्धारित वजार केन्द्रभित्र रहेका घरधुरी सदस्य रहने गरि “एक घर एक सदस्य” को अवधारणामा आधारित तोकिएको भौगोलिक क्षेत्र भित्रको स्थानीय निकायमा सुचिकृत वा दर्ता भएको स्थानीय स्तरको सामुदायिक संस्था सम्झनु पर्छ ।

(ट) “गाउँ नगर साझेदारी विकास कार्यक्रम (RUPP)“ भन्नाले पोखरा उपमहानगरपालिका कार्यालयको गाउँ नगर साझेदारी शाखा सम्झनु पर्छ ।

(ठ) “बचत कोष” भन्नाले टोल विकास संस्थाका सदस्यहरुले पछि फिर्ता हुने गरि जम्मा गरेको रकम जम्मा गरिने कोष सम्झनु पर्छ ।

(ड) "संचालक समिति" भन्नाले १३ औं नगर परिषदद्धारा गठीत गाउँ नगर साझेदारी उच्चस्तरिय ब्यबस्थापन समिति सम्झनु पर्छ ।

(ढ) "अध्यक्ष" भन्नाले आवश्यकता अनुसार वडा तथा ग्रामिण बजार केन्द्र स्तरीय टोल विकास संस्था समन्वय समितिको अध्यक्ष सम्झनु पर्छ ।

(ण) "सचिव" भन्नाले आवश्यकता अनुसार वडा तथा ग्रामिण बजार केन्द्र स्तरीय टोल विकास संस्था समन्वय समितिको सचिव सम्झनु पर्छ ।

(त) "सदस्य" भन्नाले अध्यक्ष लगायत आवश्यकता अनुसार वडा तथा ग्रामिण बजार केन्द्रस्तरीय टोल विकास संस्था समन्वय समितिको सदस्य तथा वडा तथा ग्रामिण बजार केन्द्र साधारण सभा सदस्यहरु सम्झनु पर्छ ।

(थ) "वैठक" भन्नाले वडा स्तरीय टोल विकास संस्था समन्वय समितिको वैठक सम्झनु पर्छ ।

(द) "उप समिति" भन्नाले वडा तथा ग्रामिण बजार केन्द्र साधारण सभा वा वडा स्तरीय टोल विकास संस्था समन्वय समितिले तोकिएको कार्यकमको लागि विशेष जिम्मेवारी दिई गठन भएका उप समितिहरु सम्झनु पर्छ ।

(ध) "पदाधिकारी" भन्नाले वडा स्तरीय टोल विकास संस्था समन्वय समिति वा उप समितिका अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष,सचिव र सहसचिवलाई सम्झनु पर्छ ।

(न) "कार्यक्रम अधिकृत" भन्नाले नगरपालिका गाउँ नगर साझेदारी शाखामा कार्यरत शाखाका प्रमुखलाई सम्झनुपर्छ ।

(प) "सस्थागत विकास कोष" भन्नाले टोल विकास सस्थाका सदस्यहरुबाट प्राप्त व्यक्तिगत बचत रकम बाहेक अन्य विभिन्न स्रोतबाट प्राप्त रकम बुझिने छ ।

(फ) "उपाध्यक्ष" भन्नाले आवश्यकता अनुसार वडा तथा ग्रामिण बजार केन्द्र स्तरीय टोल विकास सस्थाको समन्वय समितिको उपाध्यक्ष सम्झनु पर्छ ।

(ब) "सह सचिव" भन्नाले आवश्यकता अनुसार वडा तथा ग्रामिण बजार केन्द्र स्तरीय टोल विकास संस्था समन्वय समितिको सह सचिव सम्झनु पर्छ ।

(भ) "कोषाध्यक्ष" भन्नाले आवश्यकता अनुसार वडा तथा ग्रामिण बजार केन्द्र स्तरीय टोल विकास संस्था समन्वय समितिको कोषाध्यक्ष सम्झनु पर्छ ।

## परिच्छेद २

### ३. *टोल विकास संस्था वडा समन्वय समिति गठनको उदेश्यः*

(क) वडा कार्यालयको पूर्णत मातहतमा रहने गरि वडाको विकास निर्माणमा रचनात्मक सहयोग गर्दै नगरको विकासमा टेवा पुरयाउन ।

(ख) नागरिक समाजको रुपमा कार्य गरिरहेका टोल विकास संस्थाहरुको संस्थागत क्षमता विकासका साथै स्थानीयस्तरमा संचालन गरिने सामाजिक, आर्थिक, भौतिक विकास तथा सुशासनका कामहरुमा सक्रिय सहभागीताको लागि समन्वयात्मक नेतृत्व प्रदान गर्ने ।

(ग) प्रत्येक टोल विकास संस्थाहरुको अध्यक्षहरुमध्येबाट एक वडास्तरिय समन्वय समिति रहनेछ र निजहरुले आवश्यकता अन'सार पदाधिकारीहरु चयन गर्ने ।

(ग) नगरपालिका लगायत अन्य सरोकारवाला निकायहरुसंग समन्वय गरी टोल विकास संस्थाहरुको संस्थागत विकास, क्षमता अभिवृद्धि एवम सामाजिक तथा आर्थिक सम्बृद्धिसंग सम्बन्धीत विविध कृयाकलापहरु संचालन गर्न ।

(घ) टोल विकास संस्थामा रहेको बचत रकमलाई शहरी सेवा सुविधा तथा समुदाय विकाससंग सम्बन्धित तथा लगानीको हिसावबाट सुरक्षित साझेदारी परियोजनाहरुमा लगानीका लागि वडा मार्फत नगरपालिकासंग समन्वय गर्ने ।

(ङ) टोल विकास संस्थाहरुमा रहेको बचतलाई अधिक सदस्यहरु लाभान्वित हुन सक्ने वातावरण बनाउनका लागि अन्तर टोल विकास संस्था लगानी एवम सहकारी बैंक, वित्तिय संस्था वा उद्यम स्थापनातर्फ समन्वयात्मक पहल गर्न ।

(च) नगरको समग्र विकासमा टोल विकास संस्थाहरुलाई कृयाशिल गराई कार्य गर्न र यस कार्यमा नगरपालिकालाई सहयोग गर्न ।

(छ) पोखरा उपमहानगरपालिको समग्र हितमा सार्वजनिक सरोकारको विषयमा सहयोगी समुहको रुपमा कार्य गर्न ।

**४. समन्वय समिति गठन सम्वन्धी व्यवस्था**

**नगरपालिका क्षेत्र र कार्यकम लागु भएका ग्रामीण वजार केन्द्रहरुको निर्धारित क्षेत्र भित्र मात्र देहायका प्रकृयाहरु भित्र रही समन्वय समिति गठन गरिने छ ।**

(क) वडा स्तरमा एक टोल विकास संस्था एक सदस्यको आधारमा प्रत्येक टोल विकास संस्थाको अध्यक्ष पदेन सदस्य रहने गरि एक टोल विकास संस्था वडा समन्वय समिति गठन गरिने छ ।

**५. सदस्यता :**

(क) टोल विकास संस्था वडा समन्वय समितिको सदस्यताको हकमा सम्वन्धित वडा अन्तरगत गठन भएका एक टोल विकास संस्था एक सदस्यको रुपमा सदस्यता कायम गरिने छ त्यसै गरी ग्रामिण बजार केन्द्रको हकमा पनि ग्रामिण बजार केन्द्र अन्तरगत गठन भएका एक टोल विकास संस्था एक सदस्यको रुपमा सदस्यता कायम गरिने छ ।

(ख) वडा साधारण सभाको सदस्यताको हकमा वडाभित्रका सम्पूर्ण टोल विकास संस्थाका सम्पूर्ण पधाधिकारीहरु पदेन सदस्य रहने छन् ।

**६. सदस्यता नरहने अवस्था:**

(क) नगरपालिका तथा ग्रामिण बजार केन्द्र अन्तरगत गठन भएका टोल विकास संस्था विविध कारणवश विगठन वा खारेजी भएमा टोल विकास संस्था वडा समन्वय समितिमा सदस्यता कायम रहने छैन ।

(ख) टोल विकास संस्था वडा समन्वय समितिको पदाधिकारी तथा सदस्यहरुले समन्वय समितिको उद्देश्य तथा हित विपरित कार्य गरेको प्रमाणित भई बैठकको सर्वसम्मत निर्णयबाट स्वीकृत भएमा सम्वन्धित टोल विकास संस्थासंग समन्वय गरी उक्त पदाधिकारी तथा सदस्यको सदस्यता बैठकले खारेज गर्न सक्नेछ ।

(ग) पोखरा उपमहानगरपालिकाभित्र गठन भएका टोल बिकास संस्थाहरु नगरपालिकामा सूचिकृत नभएको र उक्त टोल बिकास संस्था उचित समयमा नबिकरण नगरेमा वडा समन्वय समितिको बैठकले सदस्यता खारेज गर्न सक्नेछ ।

यसरी माथि उल्लेखित कारणहरुबाट टोल विकास संस्था वडा समन्वय समितिका पदाधिकारी एवं सदस्यहरुको सदस्यता खारेज भई स्थान रिक्त रहेको अवस्थामा निजहरुको पदावधि छ महिना भन्दा कम भएमा उक्त स्थान खालि नै राख्ने र पदावधि छ महिना भन्दा बढि भएमा नियमानुसार सम्वन्धित क्षेत्रबाट पदस्थापना गराउनु पर्नेछ ।

**७. कार्यालय** :

(क) वडा समन्वय समितिको कार्यालय सम्बन्धित वडामा नै रहने छ ।

(ख) टोल विकास संस्था वडा समन्वय समितिको कार्यालय स्थापनाको लागि सम्वन्धित वडा समन्वय समितिले नै पहल गरि व्यबस्था गर्नुपर्नेछ ।

**८. समन्वय समितिका सदस्यहरुको पदावधि:**

(क) टोल विकास संस्था वडा समन्वय समितिका सबै सदस्यहरुको पदावधि २ वर्षको हुनेछ ।

(ख) प्रत्येक २ बर्षमा टोल विकास संस्था वडा समन्वय समितिको नेतृत्व परिवर्तन गर्नुपर्नेछ जुन सर्वसम्मती वा निर्वाचनद्धारा गर्न सकिनेछ । समन्वय समितिको नेतृत्व परिवर्तन गर्दा दक्षता तथा क्षमताको आधारमा दलित, आदिवासी जनजाती तथा महिलाहरुलाई विशेष प्राथमिकता दिनु पर्नेछ ।

(ग) समन्वय समितिका सबै पदाधिकारी तथा सदस्यहरुको पदावधि लगातार २ कार्यकाल भन्दा बढि हुने छैन ।

**९. समन्वय समितिको काम, कर्तव्य र अधिकार :**

(क) टोल विकास संस्था वडा समन्वय समिति पूर्णरुपमा वडा सम्वन्धित गा.वि.स तथा टोल विकास संस्थाप्रति उत्तरदायी तथा जवाफदेहि हुनु पर्नेछ ।

(ख) समन्वय समितिको बैठक नियमित रुपमा बस्नु पर्नेछ । प्रत्येक बैठकमा कम्तीमा ५१ प्रतिशत सदस्यहरुको अनिवार्य उपस्थिति भएको हुनु पर्नेछ ।

(ग) बैठकमा प्रस्तुत गर्नको लागि तयार गरिएको एजेण्डा वा विषयहरुको वारेमा कम्तीमा एक दिन अगाडी नै टोल विकास संस्था वडा समन्वय समितिका सदस्यहरुलाई संभव भएसम्म लिखित नभए मौखिक जानकारी गराउनु पर्नेछ ।

(घ) समुदायमा आधारित सामाजिक तथा आर्थिक उद्यमलाई अघि बढाउन नगरपालिका, गा.वि.स तथा टोल विकास संस्थाको बीचमा टोल विकास संस्था वडा समन्वय समितिले समन्वयात्मक भुमिका निर्वाह गर्नुपर्नेछ ।

(ङ) समन्वय समितिले गा.वि.स., वडा कार्यालयको निर्देशनमा रहि टोल विकास संस्थाहरुसंग आपसी छलफलबाट वडा तथा गा.वि.स.को कार्यक्रम तथा योजनाहरु तर्जुमा गर्नमा सहयोग तथा समन्वय गर्नुपर्नेछ ।

(च) समन्वय समितिले टोल विकास संस्थाका सदस्यहरुको हित हुने सामाजिक-आर्थिक विकासका कृयाकलापहरु सहभागितामूलक ढङ्गबाट कार्यान्वयन गर्न टोल विकास संस्थाहरुलाई सहयोग तथा समन्वय गर्नुपर्नेछ ।

(छ) टोल विकास संस्था वडा समन्वय समितिले टोल विकास संस्थाहरुको गरिबीलाई निश्चित आधारमा वर्गीकरण गरी तिनको अभिलेख राख्न टोल विकास सँस्थाको कार्यसमिति मार्फत टोल विकास संस्थाहरुलाई प्रोत्साहन तथा सहयोग गर्नुपर्नेछ ।

(ज) टोल विकास संस्थाहरुले निर्माण गरेको दीर्घकालीन योजना कार्यान्वयनका लागि टोल विकास संस्था वडा समन्वय समितिले वडा कार्यालयसँग मिलेर सहयोगीको भुमिका निर्वाह गर्नुपर्ने छ ।

(झ) टोल विकास संस्था वडा समन्वय समितिहरुले गरेको प्रत्येक निर्णय प्रतिलिपि अनिवार्य रुपमा सम्बन्धित वडा कार्यालयमा पेश गन'पर्नेछ र सम्बन्धित वडाले सिफारिसका साथ नगरपालिकामा ब'झाउन'पर्नेछ छ ।

(ञ) कुनै पनि संघ संस्था तथा निकायसंग सम्झौता गरी कार्यक्रम कार्यान्वयन गर्न चाहेमा टोल विकास संस्था वडा समन्वय समितिले सम्वन्धीत वडाको सिफारिसमा नगरपालिका तथा गा.वि.स.को पूर्व स्वीकृति लिनु पर्नेछ ।

(ट) टोल विकास संस्थाहरुको बचत कोषमा रहेको रकमलाई वडा संजालमा ल्याई अत्यधिक आर्थिक उपार्जन गर्नका लागि टोल विकास संस्था वडा समन्वय समितिले वित्तिय कारोवार गर्न आफ्नो छुट्टै बित्तिय संस्था स्थापना र सञ्चालनको लागि नगरपालिकाबाट स्वीकृत लिई व्यवस्था मिलाउन सक्नेछ ।

(ठ) टोल विकास संस्था वडा समन्वय समितिले टोल विकास संस्थाहरुको आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, मानव संसाधन तथा दिगो संस्थागत विकासका साथै नगरपालिकाद्धारा प्रदान गरिने सेवा सुविधा टोल विकास संस्थामार्फत सदस्यहरुको घरदैलोमा पुऱ्याउनका लागि आवश्यकता अनुसार विभिन्न उप समितिहरु गठन गरी सहयोग तथा समन्वय गर्न सक्नेछ ।

(ड) वडा समन्वय समितिले टोल विकास सस्थाको सहभागितामा उपभोक्ता समिति गठन गर्न सक्नेछ ।

(ढ) टोल विकास सस्थाको क्षेत्रमा रहेका सार्वजनिक जग्गा तथा सन्धीसर्पन, तागो तगारो तीर्थस्थल एवं पर्यावरणीय क्षेत्रको संरक्षण तथा संबर्द्धन गर्न सम्बन्धित वडा कार्यालयमा अनुरोध गर्नेछ र वडाले सिफारिसका साथ नगरपालिकामा पेश गर्नपर्नेछ ।

## <u>परिच्छेद ३</u>

**१०. समन्वय समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार :**

**(क) अध्यक्षको काम, कर्तव्य र अधिकार**

अध्यक्ष समन्वय समितिको प्रमुख हुनेछ । समन्वय समितिलाई व्यवस्थित रुपले परिचालन गर्ने सम्वन्धमा समन्वय समितिको अध्यक्षको काम कर्तव्य र अधिकार निम्न वमोजिम हुनेछ :

(१) बैठकको अध्यक्षता गरी वैठक संचालन गर्ने ।

(२) समन्वय समितिको बैठक बोलाउने र बैठकको लागि मिति, समय र स्थानको निर्णय गर्नुका साथै सदस्यहहरुको सहमति लिनु पर्ने ।

(३) वैठकमा अनुशासनको पालना गर्न लगाउने र छलफलका विषयहरु टिपोट गर्ने वा गर्न लगाउने ।

(४) छलफल हुँदा सवैको विचार बुझि सर्वसम्मत निर्णय गर्न पहल गर्ने ।

(५) वैठकमा आवश्यक प्रस्तावहरु पेश गर्न लगाउने ।

(६) सचिवलाई आवश्यकता अनुसार सहयोग पुऱ्याउने ।

(७) आवश्यक कार्यमा समन्वय समितिको प्रतिनिधित्व गर्ने ।

(८) सहयोगी निकायहरुसंग समन्वय गर्ने,

(९) विशेष वैठकको आवश्यकता परेमा सवै सदस्यहरुको सहमतिमा वैठक बोलाउने ।

(१०) समितिको प्रतिनिधित्व गरी विविध प्रकारका समन्वय वैठकमा भाग लिने ।

(११) नगरपालिकाको वडास्तरिय  बार्षिक तथा आवधिक योजना निर्माण गर्न सहभागितात्मक नगर विकास योजना तर्जुमा गर्न सहयोग गर्ने ।

(१२) वडा कार्यालयको मातहतमा रहि वडा कार्यालयलाई सहयोगीको भूमिका निर्वाह गर्नपर्ने ।

(१३) टोल विकास संस्थाहरुमा दलित, आदिवासी जनजाती तथा महिलालाई मुलप्रवाहिकरणमा ल्याउन सहयोग गर्ने ।

(१४) नगरपालिकाले तथा अन्य संघ संस्थाहरुले संचालन गर्ने विभिन्न विकास निर्माण, क्षमता अभिबृद्धि तथा सामुदायिक हितका कार्यहरुलाई टोल विकास संस्था मार्फत कार्यान्वयन गर्न⁄गराउन समन्वयकारी भुमिका निर्वाह गर्ने ।

(१५) टोल विकास संस्थाहरुलाई आवश्यकता अनुसार सहयोग गर्न समन्वयकारी भुमिका निर्वाह गर्ने ।

(१६) वडा समन्वय समितिका अध्यक्षले वडा स्तरीय टोल विकास संस्थाहरुलाई नियमित बैठकमा आवश्यकता अनुसार सहभागी हुने, सहयोग गर्ने तथा निर्देशन दिने ।

**(ख) उपाध्यक्षको काम, कर्तव्य र अधिकार**

(क) अध्यक्षलाई आवश्यक सहयोग गर्ने ।

(ख) अध्यक्षको अनुपस्थितिमा अध्यक्षको कार्य गर्ने ।

(ग) सदस्यहरुसंग समन्वय गर्ने ।

(घ) आवश्यक सूचनाहरु संकलन तथा प्रवाह गर्ने ।

**(ग) सचिवको काम, कर्तव्य र अधिकार**

(१) अध्यक्षको आदेशानुसार वैठक वोलाउने,

(२) एक तिहाई सदस्यहरुले विशेष वैठकको लागि लिखित माग गरेमा विशेष वैठक बोलाउने,

(३) वैठक पुस्तिकामा उपस्थिति गराउने,

(४) छलफलका प्रस्तावहरु संकलन गरी वैठकमा पेश गर्ने र वैठकको निर्णय लेखि पढेर सुनाउने । पुनः प्रत्येक सदस्यहरुलाई हस्ताक्षर गर्न लगाउने ।

(५) समन्वय समितिको कृयाकलापको वारेमा सदस्यहरुलाई जानकारी गराउने,

(६) समन्वय समिति संचालनमा आवश्यक सहयोग गर्ने

(७) निर्णय लागु भए नभएको हेरी लागु गराउने, गराउन सहयोग तथा समन्वय गर्ने,

(८) नगरपालिका तथा अन्य निकायसंग समन्वय तथा सहकार्य गर्नु पर्ने भएमा सो को लागि आवश्यक व्यवस्था मिलाउनुका साथै सहयोगी भुमिका निर्वाह गर्ने ।

(९) टोल विकास संस्थाहरुलाई प्रभावकारी परिचालनका लागि आवश्यक नीति निर्माण गर्न तथा सोको कार्यान्वियन गर्न सहयोग गर्ने ।

(१०) आवश्यकता अनुसार टोल विकास संस्थाको नियमित बैठकमा उपस्थित भई टोल विकास संस्था वडा समन्वय समितिको बैठकमा भएका निर्णय सम्वन्धि जानकारी गराउने तथा निर्णय कार्यान्वियन गराउन सहयोगी भुमिका निर्वाह गर्ने ।

**(घ) सह सचिवको काम, कर्तव्य र अधिकार :**

(क) सचिवलाई आवश्यक सहयोग गर्ने ।

(ख) सचिवको अनुपस्थितिमा सचिवको कार्य गर्ने ।

(ग) सदस्यहरुसंग समन्वय गर्ने ।

(घ) पदाधिकारीहरुबाट लगाईएको काममा सहयोगीको भूमिका निर्बाह गर्ने ।

**(ङ) कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :**

(क) टोल विकास सस्था वडा समन्वय समितिमा हुने सबै प्रकारको आर्थिक क्रियाकलापको लेखा स्पष्ट र पारदर्शिता पूर्वक राख्ने ।

(ख) टोल विकास सस्था वडा समन्वय समितिमा प्राप्त हुने कोषको सुरक्षा गर्ने ।

(ग) कोषको लेखा दुरुस्त राख्ने कार्य गर्ने ।

(घ) लेखापरिक्षणको लागि आवश्यक ब्यबस्था गर्ने ।

**(च) सदस्यहरुको काम, कर्तव्य र अधिकार :**

(१) वैठकमा उपस्थित भई प्रत्येक छलफलमा भाग लिने र आफ्ना टोल विकास संस्थामा भएका निर्णय तथा निचोडहरुको बारेमा टोल विकास संस्था वडा समन्वय समितिको बैठकमा जानकारी गराउने,

(२) आवश्यकता अनुसार समन्वय समिति संचालनका लागि नीति, नियमहरु बनाउन सहयोग गर्ने र सो नियमहरु पालना भए नभएको हेर्ने

(३) आवश्यकता अनुसार अध्यक्ष र सचिवलाई सघाउने,

(४) टोल विकास संस्थाको बैठकमा टोल विकास संस्था वडा समन्वय समितिमा भएका निर्णयहरु छलफलका लागि प्रस्ताव गरी आवश्यक निर्णय गर्ने तथा गराउन सहयोग गर्ने ।

(५) टोल विकास संस्था वडा समन्वय समितिबाट भएका निर्णयहरु टोल विकास संस्थाहरुमा कार्यान्वयन गर्न गराउन सहयोग गर्ने ।

## परिच्छेद ४

**११. समन्वय समितिको बैठक सम्वन्धी व्यवस्था :**

(क) टोल विकास संस्था वडा समन्वय समितिको वैठक सामान्यतया महिनाको एक पटक वस्ने छ । यसरी वैठक वस्दा एक वैठक र अर्को वैठक वीचको समय दुई महिना भन्दा बढी फरकको हुनु हुदैन ।

(ख) टोल विकास संस्था वडा समन्वय समितिको वैठक अध्यक्षले बोलाउने छ तर देहायका अवस्थामा सचिवले वैठक बोलाउन सक्ने छ :

(१) अध्यक्षले निजलाई वैठक वोलाउन निर्देशन दिएमा वा २ महिना भन्दा बढी समयसम्म वैठक वस्न नसकेमा,

(२) दुई महिना वा सो भन्दा बढी समयसम्म टोल विकास संस्था वडा समन्वय समितिको वैठक वस्न नसकी समितिका एक तिहाई सदस्यले वैठक बोलाउनको लागि लिखित रुपमा अनुरोध गरेमा ।

(ग) वडा स्तरीय टोल विकास संस्था समन्वय समितिको अध्यक्षले बैठकको अध्यक्षता गर्नेछ । निजको अनुपस्थितिमा उपाध्यक्षले वैठकको अध्यक्षता गर्ने छ ।

(घ) टोल विकास संस्था वडा समन्वय समितिको प्रत्येक बैठकमा सामाजिक परिचालक एवं वडा र गा.बि.स.को प्रतिनिधिको उपस्थिति अनिवार्य हुनुपर्ने छ ।

(ङ) टोल विकास संस्था वडा समन्वय समितिको बैठकमा विशेषज्ञको सल्लाह सुझाव प्राप्त गर्न आवश्यकता अनुसारका सम्वन्धित विशेषज्ञलाई सल्लाहकारको रुपमा आमन्त्रण गर्न सक्नेछ ।

**१२. साधारण सभाः**

१) समन्वय समितिको साधारण सभा तहगत रुपमा गर्ने गरी देहाय अनुसारको साधारण सभा हुने छ ।क) गा.वि.स. स्तरमा ग्रामिण बजार केन्द्र साधारण सभा

ख) नगरपालिकाको वडा स्तरमा वडा साधारण सभा

२) प्रत्येक तहको साधारण सभामा देहाय अनुसारका प्रतिनिधिले साधारण सदस्यको हैसियत राख्ने छन् ।

क) ग्रामिण बजार केन्द्र साधारण सभामा ग्रामिण बजार केन्द्रमा गठन भएका सबै टोल विकास संस्थाका अध्यक्ष, उपाध्यक्ष, सचिव, सह सचिव र कोषाध्यक्ष सदस्य रहने छन् ।

ख) वडा समन्वय समितिको साधारण सभामा वडा स्तरमा गठन भएका सबै टोल विकास संस्थाका अध्यक्ष, उपाध्यक्ष, सचिव, सह सचिव र कोषाध्यक्ष सदस्य रहने छन् ।

३) सबै तहका साधारण सभा आ–आफ्ना स्तरका सम्पूर्ण वा कम्तिमा ८० प्रतिशत साधारण सदस्यहरुको उपस्थितिमा कम्तिमा २ वर्षको एक पटक आयोजना गर्नुपर्नेछ । साधारण सभा सम्बन्धित स्तरको समन्वय समितिको सर्वोच्च निकाय हुनेछ । साधारण सभाका काम, कर्तव्य र अधिकार निम्न वमोजिम हुने छन् :

**१३. साधारण सभाका काम, कर्तव्य र अधिकार :**

(क) विगतको कार्य समिक्षा गर्ने र आगामि बर्षको लागि कार्यक्रम तय गर्ने साथै साधारण सभामा पेश भएका विषयहरुमा यथोचित निर्णय गर्ने ।

(ख) समन्वय समितिको पदाधिकारीहरुको छनौट गरी (निर्वाचन वा सर्वसम्मत रुपमा) अख्तियार प्रदान गर्ने,

(ग) उजुरी, पुनरावलोकन सुन्ने र निर्णय दिने,

(घ) आवश्यक परे कार्यगत समूह र सल्लाहकारको मनोनयन गर्ने

(ङ) वडाको विकास निर्माणमा सहभागीहरुले छलफल गर्ने ।

(च) महत्वप”र्ण विषयहरुमा निर्णय गर्ने ।

(च) समन्वय समितिको प्रभावकारी संचालनको लागि नीति नियमहरुको निर्माण, संसोधन तथा परिमार्जन गर्ने ।

(छ) सबै तहको साधारण सभामा वडा तथा गा.वि.स.को प्रतिनिधिको उपस्थिति अनिवार्य हुनु पर्नेछ ।

**१४. विशेष साधारण सभा :**

समन्वय समितिको हितलाई ध्यान राखी कुनै विशेष निर्णय गर्नु परेमा वडा र ग्रामिण बजार केन्द्र साधारण सभाको कुल सदस्य संख्याको एक तिहाई सदस्यहरुले लिखित रुपमा अनुरोध गरेमा अध्यक्षले वढीमा १५ दिनभित्र विशेष साधारण सभा बोलाउनु पर्नेछ । अध्यक्षले नबोलाएमा समितिको सचिवले बोलाउनु पर्नेछ ।

**१५. अविश्वासको प्रस्तावः**

वडा र ग्रामिण बजार केन्द्र साधारण सभाका साधारण सदस्य संख्याको कम्तिमा दुई तिहाई सदस्यहरुले समितिका कुनै पदाधिकारीको काम कर्तव्य तथा जनतामा चित्त नबुझे लिखित रुपमा कारण सहित निवेदन दिएमा अविश्वासको प्रस्ताव ल्याएको मान्नु पर्नेछ । यसरी अविश्वासको प्रस्ताव आएमा त्यसको १५ दिनभित्र साधारण

सभा बोलाउनु पर्नेछ र उक्त प्रस्ताव माथी छलफल भई सो प्रस्तावलाई अनुमोदन गर्नको लागि कुल सदस्य संख्याको कम्तिमा दुई तिहाई साधारण सदस्यहरुको मतको आवश्यकता पर्दछ । तर जुन पदाधिकारीप्रति अविश्वासको प्रस्ताव ल्याएको हो सो व्यक्तिलाई साधारण सभामा आफ्नो स्पष्टीकरण पेश गर्ने मौका दिनु पर्नेछ ।

## परिच्छेद ५

**१६. निर्वाचन सम्वन्धी व्यवस्था**

यस निर्देशिकाको भावनाको अधिनमा रही टोल विकास संस्था वडासमन्वय समितिको पदाधिकारीहरुको निर्वाचन गर्न एउटा निर्वाचन समिति गठन गर्नु पर्नेछ । जसमा साधारण सभाले तोकेको व्यक्तिको संयोजकत्वमा साधारण सदस्यहरु मध्येबाट ३ जनाको निर्वाचन मण्डल गठन गर्नु पर्नेछ । जसले निर्वाचन प्रकृया आफै तय गरी निर्वाचन कार्य सम्पन्न गर्नेछ ।

क) यसरी गठन भएको निर्वाचन मण्डलले टोल विकास संस्था वडा समन्वय समितिमा अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव र कोषाध्यक्ष गरि पाँच जनाको निर्वाचन गराउने छ ।

ख) टोल विकास संस्था वडा समन्वय समितिको निर्वाचनमा उम्मेदवार हुन सम्वन्धित वडा/ग्रामिण बजार केन्द्रमा गठन भई संचालनमा रहेका टोल विकास संस्थाका पदाधिकारीहरुले मात्र पाउनेछ ।

ग) टोल बिकास संस्था वडा समन्वय समितिका पदाधिकारीहरुको पद रिक्त भएको अबस्थामा सम्बन्धित टोल बिकास संस्थाहरुबाट पूर्ति गरिनेछ ।

घ) टोल बिकास संस्था वडा समन्वय समितिमा अध्यक्ष हुनका लागि टोल बिकास संस्थाको कार्य समितिको अध्यक्षको पदमा रहि सकृय रुपमा कार्य गरेको हुनुपर्नेछ भने पदाधिकारीहरुको हकमा पनि सोहि बमोजिम हुनेछ ।

ङ) निर्बाचित पदाधिकारीहरुले अनुसूचिमा उल्लेख भए बमोजिमको शपथ ग्रहण नगरपालिका प्रमुख भए प्रमुख र नभएको खण्डमा कार्यकारी अधिकृतबाट लिनुपर्नेछ ।

**१७. समन्वय समितिको व्यवस्थापन**

क) टोल विकास संस्था वडा समन्वय समितिको व्यवस्थापन सम्वन्धित समन्वय समितिले नै गर्नु पर्नेछ ।

**१८ आर्थिक व्यवस्था**

**समन्वय समितिको आर्थिक अवस्था देहाय वमोजिम हुनेछ ।**

१) नगरपालिका तथा गा.वि.स वाट सहयोग स्वरुप प्राप्त हुने रकम

२) अन्य कुनै सरकारी गैर सरकारी संघ सस्थावाट सहयोग स्वरुप प्राप्त हुने रकम

३) कुनै क्रियाकलापद्धारा समन्वय समितिकै व्यवस्थापनको लागि संकलन गरिएको रकम

४) नगरपालिका क्षेत्रभित्र रहेका प्रत्येक टोल विकास सस्थाहरुबाट भएको आम्दानी, खर्चको विवरण वार्षिक रुपमा नगरपालिकामा अनिवार्य पेश गर्नु पर्ने छ । साथै नगरपालिका बोर्डले दिएको निर्देशन पालना गर्नु पर्ने छ ।

५) समन्वय समितिले समितिको सामान्य खर्चहरुको व्यवस्थापन तथा दिगोपनको लागि सदस्य टोल विकास संस्थाहरुवाट सदस्यता वापत सामान्य शुल्क लिन सक्ने छ । तर त्यस्तो शुल्क लगाउनु अगाडि साधारण सभावाट पारित गराई नगरपालिकावाट स्विकृती लिनु आवश्यक हुनेछ ।

६) समितिले खर्च गर्दा विनियम वनाई खर्च गर्नुपर्नेछ । विनियम वनाउन नगरपालिकाले सहयोग गर्नेछ ।

७) समितिको खाता अध्यक्ष र कोषाध्यक्ष र आवश्यक परेमा सचिवको समेत संयुक्त दस्तखतवाट संचालन हुने गरी नगरपालिकाको सिफारिसमा पायक पर्ने वैंकमा खोलिनेछ ।

८) नगरपालिका क्षेत्रभित्र रहेका प्रत्येक टोल विकास सस्थाहरुबाट भएको आम्दानी, खर्चको विवरण वार्षिक रुपमा नगरपालिकामा अनिवार्य पेश गर्नु पर्ने छ । साथै नगरपालिका बोर्डले दिएको निर्देशन पालना गर्नु पर्ने छ ।

## परिच्छेद ६

**१९. सम्पत्ति तथा दायित्वः**

क) स्थानीय स्वायत्त शासन ऐन तथा नियमावली एवं प्रचलित नियम कानुनमा व्यवस्था भए अनुसार समन्वय समितिको आफ्नो नाममा रहेको सम्पत्ति व्यक्ति सरह भोगचलन गर्न पाउनेछ ।

ख)  समन्वय समिति विघटन भएमा सो सम्पत्ति स्वतः नगरपालिका वा सम्वन्धित गा.वि.स.को स्वामित्वमा आउनेछ ।

२०. **लेखा परिक्षण**

(क)  नगरपालिकाको लगानीमा स्थानीय स्वायत्त शासन ऐन २०५५ तथा नियमावली २०५६ मा भएको कानूनी प्रावधान अनुसार लेखा परिक्षण हुनेछ । सो देखि बाहेकको रकमको हकमा मान्यता प्राप्त लेखा परिक्षकबाट लेखा परिक्षण गर्नुपर्नेछ ।

२१. **पूर्व स्वीकृती लिनु पर्ने**

यस निर्देशिकामा उल्लेखित कार्यहरु संचालन गर्नु पूर्व प्रचलित कानुन अनुसार सम्वन्धीत निकायको अनुमति तथा स्वीकृति लिनु पर्ने उल्लेख भएकोमा स्वीकृति लिएर मात्र संचालन गर्नु पर्नेछ । स्वीकृति लिनु पर्नेमा नलिई कुनै कार्य गरेमा टोल विकास संस्था वडा समन्वय समितिका पदाधिकारीहरु पूर्ण रुपमा जवाफदेही हुनु पर्नेछ ।

२२. **समन्वय समिति दर्ता/सूचिकृत गर्नु पर्ने**

टोल विकास संस्था वडा समन्वय समितिलाई नगरपालिकाको हकमा सम्बन्धित नगरपालिकामा र ग्रामिण बजार केन्द्रको हकमा सम्बन्धित गा.वि.स. मा दर्ता/सूचिकृत गर्नु पर्ने छ ।

२३. **समन्वय समिति निलम्बन वा खारेजी हुन सक्ने**

**देहायको अवस्थामा सम्बन्धित नगरपालिका वा गा.वि.स.ले समन्वय समिति निलम्बन वा खारेजि गर्नसक्नेछ ।**

क) राष्ट्रिय अखण्डतामा आँच आउने काम गरेमा ।

ख) स्थानिय न.पा. वा वडा कार्यालय विरुद्ध हुने कुनै क्रियाकलाप संचालन गरेमा ।

ग) प्रचलित नेपाल कानून विपरित कार्य गरेमा ।

घ) टोल विकास सस्था निष्कृय भएमा ।

ङ) अर्थिक दुरुपयोग गरेको भेटिएमा र सार्वजनिक सम्पत्ति हिनामिना गरेमा ।

च) आफ्नो कार्यक्षेत्रभन्दा माथि अधिकार लिने र कार्य गर्न खोजेमा ।

छ) आपसी द्वन्द्ध सृजना भएमा ।

भंग गर्नु अगावै सफाई पेश गर्ने मौकाबाट वञ्चित गराइने छैन ।

समन्वय समिति खारेज भएको अवस्थामा साधारण सभा वोलाई नयाँ समन्वय समिति गठन गरिने छ ।

२४. **निर्देशिकाको व्याख्या तथा संसोधन**

क) यो निर्देशिकाको व्याख्या गर्ने अन्तिम अधिकार नगरपालिकामा निहित रहनेछ । यो निर्देशिकालाई सम्बन्धित नगरपालिकाको नगरपरिषदले मात्र संसोधन गर्न सक्नेछ ।

ख) यस निर्देशिका बमोजिम गठित टोल विकास सस्थाहरुमा कुनै विवाद उत्पन्न भएमा सो को अन्तिम निर्णय सम्बन्धित वडा समन्वय समितिको सिफारिसमा नगरपालिकाले गर्नेछ । त्यस्तो निर्णय अन्तिम मानिने छ ।

२५. **वचाउ**

(क)  यस निर्देशिकामा लेखिएजतिको हकमा यसै निर्देशिका वमोजिम हुनेछ ।

(ख)  स्थानीय स्वायत्त शासन ऐन २०५५ तथा स्थानीय स्वायत्त शासन नियमावली २०५६ मा उल्लेख भए बमाजिमको हकमा सोही वमोजिम लागु हुनेछ ।

(ग)  माथि (क) र (ख) मा उल्लेख भए वमोजिम वाहेक अन्यको हकमा प्रचलित नेपालको ऐन कानुन वमोजिम हुनेछ । ऐन कानुनले निर्देशित नगरेको अवस्थामा नगरपालिकाले गरेको निर्णय बमोजिम हुने छ ।

अस्तु

नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
पोखरा उपमहानगरपालिका कार्यालय
न्यूरोड-८, पोखरा, कास्की

## पोखरा उप-महानगरपालिका

# टोल विकास संस्था वडा समन्वय समिति सञ्चालन निर्देशिका, २०६७

(पोखरा उपमहानगरपालिकाको चौंधौं नगरपरिषद्बाट पारित आर्थिक वर्ष २०६७/०६८ २०६७ जेष्ठ ६ गते बिहीबार)

**प्रकाशक**

पोखरा उपमहानगरपालिका कार्यालय

**सूचना तथा अभिलेख केन्द्र**

पोखरा, कास्की